नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ | चलानी नं.:- ३८१

मितिः-२०८०/११/१४

ने.सं.११४४ सिल्लागा ०२

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण भन्त्रालयको च.नं. ६७५ र ६७६ मिति २०८०/११/०९ को आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

११/१४

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

गैडहवा गाउँपालिका

दर्ता नं. १४६१

दर्ता मिति २०८०/११/१६

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

सिंहदरबार, काठमाडौं

पत्र संख्याः- १.६/स.व्य.प्र./२०८०/०८१

च.नं. ६०७५

मितिः- वि.सं.२०८०/११/०९

ने. सं. ११४४ सिल्लाथ्व,१२ बुधबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः- आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सहकारी क्षेत्रमा देखिएका समस्याहरुको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१/२६ को निर्णयानुसार गठित "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" ले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदन मन्त्रालयको वेवसाइटमार्फत सार्वजनिक गरिएको छ।

नेपालको संविधान, सहकारी ऐन, २०७४ को दफा १५० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीयस्तरका सहकारी संस्थाहरुको नियामक निकायको रुपमा रहेका स्थानीय तहहरुबाट कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि संलग्न पत्र तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई पत्राचार गरी सबै स्थानीय तहहरुबाट कार्यसम्पादनको व्यवस्था मिलाउन आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन मिति २०८०/११/९ को निर्णयानुसार अनुरोध छ ।साथै कार्यदलको प्रतिवेदनको पूर्ण विवरण मन्त्रालयको वेवसाइटः molcpa.gov.np मा उपलब्ध छ।

(पवित्रा ढकाल)
शाखा अधिकृत

बोधार्थः-
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा ।
श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौंः *प्रतिवेदन कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन ।*

नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

सिंहदरबार, काठमाडौं


पत्र संख्याः- १.६/स.व्य.प्र./२०८०/०८१
च.नं. ६०८६०

मितिः- वि.सं.२०८०/११/०९
ने. सं. ११४४ सिल्लाथ्व,१२ बुधबार

श्री सबै स्थानीय तहहरु ।

विषयः- प्रतिवेदन कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपालको संविधान, सहकारी ऐन, २०७४ को दफा १५० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को देहाय खण्ड (ख) बमोजिम स्थानीयस्तरका सहकारी संस्थाहरुको नियामक निकायको रुपमा स्थानीय तहहरु रहेको व्यहोरा विदितै छ । सहकारी क्षेत्रमा देखिएका समस्याहरुको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/१/२६ को निर्णयानुसार गठित "सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०" ले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेको छ। उक्त प्रतिवेदनमा उल्लेखित सुझावहरुमध्ये नयाँ सहकारी संस्था दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्थापनाको स्वीकृति रोक्का गर्ने, सञ्चालकहरुको सम्पत्ति विवरण पेश गर्ने, समस्यामा रहेका संस्थाहरुले बचत फिर्ताको कार्ययोजना पेश गर्ने र संस्थाको स्वेतपत्र जारी गर्ने लगायतका विषयहरु कार्यान्वयन प्रकृयामा गइसकेको व्यहोरा अनुरोध छ ।

प्रतिवेदनमा उल्लेखित सहकारी ऐन, नियममा भएका संयन्त्र र संरचनाको व्यवस्था गर्ने एवं ऐन, नियममा आवश्यक संशोधन गर्नुपर्ने विषयहरु समेत पहिचान गरी संशोधनको प्रक्रिया समेत आरम्भ गरिसकिएको र प्रतिवेदन कार्यान्वयनमा तीनै तहको सरकारको महत्वपूर्ण भूमिका हुने भएकोले सहकारी संस्थालाई सुशासनयुक्त बनाउने सन्दर्भमा नियामक निकायको रुपमा प्रतिवेदन कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय र सहजीकरणका लागि मिति २०८०/११/९ को निर्णयानुसार अनुरोध छ। साथै कार्यदलको प्रतिवेदनको पूर्ण विवरण मन्त्रालयको वेवसाइटः molcpa.gov.np मा उपलब्ध छ ।

..............................
(पवित्रा ढकाल)
शाखा अधिकृत

**बोधार्थः-**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा ।
श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं: *प्रतिवेदन कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन ।*